**महालेखापरीक्षकको कार्यालय**

बबरमहल, काठमाडौँ

# बस भाडामा लिने सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।९।१५)

महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरुका लागि आर्थिक वर्ष २०७५।७६ मा विभिन्न रुटबाट बिहान ९:४५ बजे कार्यालयमा ल्याउने र बेलुका ५:०० बजे पश्चात् सोही स्थानसम्म लैजान आवश्यक पर्ने बस भाडामा लिन इजाजत प्राप्त आपूर्तिकर्ताहरुबाट बोलपत्र आह्वान गरिएको छ ।

१. इच्छुक फर्मले बोलपत्र फाराम खरिद गर्नका लागि प्रथम पटक सूचना प्रकाशित मितिले ३० दिन कार्यालय समयभित्र बोलपत्र वापत रु. ३,०००।- (तीन हजार) पछि फिर्ता नहुने गरी यस कार्यालयमा बुझाई आफ्नो फर्मको स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर दर्ता, फर्म दर्ताको प्रतिलिपि संलग्न गरी लिखित निवेदन पेश गर्नुपर्नेछ ।

२. सिलबन्दी बोलपत्र २०७५।१०।१५ गते ३१ औं दिनमा दिनको १२:०० बजेसम्ममा यस कार्यालयको सामान्य प्रशासन निर्देशनालय (स्टोर शाखा) मा दर्ता गराई सक्नुपर्नेछ । बोलपत्रको खाममा बोलपत्रदाताको नाम, ठेगाना र बोलपत्र नम्बर स्पष्ट उल्लेख गरी सिलछाप संख्या समेत खुलाएको हुनुपर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिनको १४:०० बजे बोलपत्रदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन बिदा परेमा सो कार्य लगतै कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ । प्रतिनिधि पठाउँदा लिखित पत्र सहित पठाउनुपर्नेछ । बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाभिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको कागजात बोलपत्रसाथ पेश गर्नुपर्नेछ । बोलपत्रसाथ आर्थिक वर्ष २०७५।७६ को लागि नवीकरण भएको फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र र आर्थिक वर्ष २०७३।७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपी र आर्थिक वर्ष २०७४।७५ को आय विवरण बुझाएको वा आय विवरण बुझाउन म्याद थप गरेको प्रमाण समेत संलग्न हुनुपर्दछ ।

४. बोलपत्र फाराममा अंक र अक्षर दुवैमा अनिवार्य रुपमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बोलपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन बिदा परेमा सो कार्य क्रमश: अर्को दिन हुनेछ ।

६. सिलबन्दी बोलपत्रको लागि जमानतबापत देहाय अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौंको नेपाल राष्ट्र बैंक, थापाथलीस्थित धरौटी खाता नं. १२०१२००००१००२५२४ मा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको विड वण्ड पेश गर्नुपर्नेछ ।

७. बोलपत्रको मान्य अवधि बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिनको हुनेछ ।

८. म्याद नाघी आएको र रीत नपुगी आएको बोलपत्रउपर कारबाही गरिने छैन । यससम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भएअनुसार हुनेछ । बोलपत्र सूचना र बोलपत्रसम्बन्धी कागजातमा उल्लेख नभएका अन्य व्यहोरा सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

९. प्राप्त बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

| बोलपत्र नं. | खरिद गरिने सेवाको विवरण | आवश्यक जमानत (रु.) |
|---|---|---|
| **०६/२०७५।७६** | **बस भाडामा लिने** | **७६,०००।-** |